निर्णय प्रमाणित

मिति : २०८३/०४/१२, कापा बैठक संख्या: १-२०८३/८४

बैठक नं. १

आज मिति २०८३ साल श्रावण १२ गते मंगलबार (ने.सं. ११४६, दिल्लाथ्व, त्रयोदशी) कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष **श्री नवराज ढकालज्यूको** अध्यक्षता र तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्नका लागि बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो।

समयः बिहानको ठिक ८:०० बजे।

स्थानः कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी, रुपन्देही ।

उपस्थितिः

| क्र.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | | श्री टेक बहादुर गुरूङ्ग | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | | श्री रन्जना थारू | कार्यपालिका सदस्य |
| ९ | | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | | श्री माधव प्रसाद पोखेल | सचिव |

मिति : २०८३/०४/१२, का.पा बैठक संख्या: १-२०८३/८४

प्रस्तावहरु

१.१ विद्यालयलाई सामग्री हस्तान्तरण गर्ने सम्बन्धमा,

१.२ कार्य योजना सम्बन्धमा,

१.३ सर्प उद्दार सामग्री हस्तान्तरण सम्बन्धमा,

१.४ CCTV जडान सम्बन्धमा,

१.५ दररेट निर्धारण सम्वन्धमा,

१.६ सामाजिक सुरक्षा भत्ता नवीकरण शिविर संचालन गर्ने सम्वन्धमा,

१.७ खरीद आदेश पुनः जारी गर्ने सम्बन्धमा,

१.८ खर्च अनुमोदन सम्बन्धमा,

१.९ विविध,

निर्णयहरू

**१.१. विद्यालयलाई सामग्री हस्तान्तरण गर्ने सम्बन्धमा,**

क. आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस कञ्चन गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको शिक्षण सिकाइ अभिवृद्धि गर्न, कक्षाकोठा व्यवस्थापनलाई सुदृढ एवं व्यवस्थित बनाउन तथा भौतिक पूर्वाधार सुधार गर्ने उद्देश्यका साथ सङ्घीय सरकारबाट प्राप्त "सामुदायिक विद्यालयमा फर्निचर, पङ्खा, डिजिटल बोर्ड र खानेपानी व्यवस्थापन" शीर्षकको बजेट कार्यान्वयनको लागि यस कार्यालयबाट मिति २०८२/०५/११ गते कञ्चन गाउँपालिका क्षेत्रभित्रका सबै सामुदायिक विद्यालयहरूलाई आवश्यकताका आधारमा प्रस्ताव पेश गर्न ३० (तीस) दिनको समयावधि दिई सूचना सम्प्रेषण पश्चात प्राप्त प्रस्तावहरू माथि यस कार्यालयबाट वास्तविक आधारभूत आवश्यकता पहिचान गर्न गरिएको स्थलगत अनुगमनका क्रममा कक्षाकोठा व्यवस्थापनको प्राथमिक आवश्यकता विद्यार्थीहरूको बसाइ व्यवस्थापन (फर्निचर) रहेको देखिएकाले स्वीकृत प्राविधिक लागत अनुमान र बजेटको सीमाभित्र रही फर्निचर (डेक्स-बेन्च) खरिद प्रक्रिया अगाडि बढाइएको ।

खरिद सम्झौता अनुसार कूल ९९६ (नौ सय छयानब्बे) सेट फाइबर डेक्स-बेन्च तयार गर्नुपर्नेमा प्रथम चरण अन्तर्गत ४९० (चार सय नब्बे) सेट फाइबर डेक्स-बेन्च निर्माण भई कार्यालयमा प्राप्त हुन आएको छ।

अतः हाल प्राप्त भएका उक्त ४९० सेट डेक्स-बेन्चहरू विद्यालयहरूको विद्यार्थी संख्या र आवश्यकताका आधारमा पहिलो चरणमा निम्न अनुसारका सामुदायिक विद्यालयहरूलाई हस्तान्तरण गर्ने -

१ विद्यालय अनुसार डेक्स-बेन्च हस्तान्तरण परिमाण विवरणः

| क्र.सं. | विद्यालयको नाम | हस्तान्तरण गरिने डेक्स-बेन्च संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रगति माध्यमिक विद्यालय | २८५ सेट | प्रथम चरण हस्तान्तरण |

निर्णय प्रमाणित

| | | | |
|---|---|---|---|
| २ | लुम्बिनी ज्ञान निकेतन | १२३ सेट | " |
| ३ | रुद्रपुर माध्यमिक विद्यालय | ८२ सेट | " |
| जम्मा | | ४९० सेट | |

२. दोस्रो चरणमा हस्तान्तरण गरिने डेक्स-बेन्च विवरण (निर्माण सम्पन्न भएपश्चात):
ठेक्का सम्झौता बमोजिम निर्माण व्यवसायीबाट बाँकी ५०६ सेट डेक्स-बेन्च तयार भई कार्यालयमा प्राप्त भएपश्चात पालिका अन्तर्गतका अन्य सामुदायिक विद्यालयहरूको बाँकी माग तथा भौतिक आवश्यकताका आधारमा वितरण/हस्तान्तरण गर्ने

| क्र.सं. | विद्यालयको नाम | सम्भावित हस्तान्तरण परिमाण | कैफियत |
|---|---|---|---|
| १ | अन्य बाँकी सामुदायिक विद्यालयहरू (माग र आवश्यकता अनुसार) | ५०६ सेट | दोस्रो चरणमा निर्माण पूरा भएपछि हस्तान्तरण गरिने |
| जम्मा | | ५०६ सेट | कुल ठेक्का संख्या ९९६ बाट बाँकी परिमाण |

कूल जम्मा (प्रथम र दोस्रो चरण): ९९६ सेट

ख. कञ्चन गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशनको बैठकबाट गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा विद्युतीय हाजिरी जडानका लागि बजेट विनियोजन भई जडित विद्युतीय हाजिरी उपकरणहरू सम्बन्धित विद्यालयहरूलाई हस्तान्तरण गर्ने ।

१.२. कार्य योजना सम्बन्धमा,

आर्थिक वर्ष ०८३/०८४ मा गाउँसभाबाट स्वीकृत बजेट तथा कार्यक्रम, संघीय तथा प्रदेश सरकारबाट अन्तरसरकारी वित्त हस्तान्तरण अन्तर्गत प्राप्त सशर्त, विशेष तथा समपुरक अनुदानका कार्यक्रमहरु समयमै कार्यान्वयन प्रकृया अगाडी बढाउन आवश्यक तयारीहरु यथाशिघ्र सम्पन्न गरी प्रकया अगाडी बढाउन सम्बन्धीत शाखा/उपशाखा हरुलाई निर्देशन दिने साथै यस आ.व. मा शाखागत रुपमा सम्पन्न गर्नुपर्ने योजना तथा कार्यक्रमहरु ०८३ चैत्र मसान्त भित्र सम्पन्न गर्ने गरी कार्ययोजना तयार गरी पेश गर्न प्रमुख प्रशासकीय मार्फत निर्देशन दिने ।

१.३. सर्प उद्दार सामग्री हस्तान्तरण सम्बन्धमा,

कञ्चन गाउँपालिकाको आयोजनामा सर्प उद्दार तालिममा सहभागी भई तालिम प्राप्त गरेका वडा नं. १ देखि ५ का सर्प उद्दारकर्ताहरूलाई १/१ थान सर्प उद्दार सामग्री हस्तान्तरण गर्ने ।

१.४. CCTV जडान सम्बन्धमा,

कञ्चन गाउँपालिका वडा नं. ४ पुर्तिघाट हुँदै दियो र गरगरेबाट तुलसीघाट जाने चोकमा CCTV जडान गर्नका लागि वडा नं. ४ को कार्यालयको च.नं. २९३१ मिति २०८३/०२/२६ गतेको पत्रबाट माग भई आएकोमा उक्त वडाको दियो टोलमा एक थान CCTV तत्काल जडान गर्ने ।

नवराज ढकाल
अ. गा. अध्यक्ष

१.५. दररेट निर्धारण सम्बन्धमा,

आर्थिक वर्ष २०८३।०८४ मा रुपन्देही जिल्लाको जिल्ला दररेट निर्धारण समितिबाट स्वीकृत ज्यालादर, ढुवानी तथा निर्माण सामाग्रीहरुको दररेट लाई गाउँपालिकाको दररेटको रुपमा कायम गर्ने ।रुपन्देही जिल्लाको दररेटमा उल्लिखित नभएका विषयवस्तुको हकमा छिमेकी जिल्ला तथा पालिकाहरुको स्वीकृत दररेट तथा नेपाल सरकार तथा प्रदेश सरकारका विभिन्न निकाय/कार्यालय हरुले निर्धारण गरेका दररेटहरुलाई समेत पालिकाको दररेट निर्धारणमा आधारको रुपमा लिने निर्णय गरियो ।साथै, उल्लेखित बमोजिम समेत दररेट प्राप्त हुन नसकेमा दररेट निर्धारण सम्वन्धमा प्रचलित कानुनमा भएको व्यवस्था बमोजिम गर्ने ।

१.६. सामाजिक सुरक्षा भत्ता नवीकरण शिविर संचालन गर्ने सम्वन्धमा,

आर्थिक वर्ष ०८३८०८४ मा सामाजिक सुरक्षा भत्ता नवीकरण गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन वडा कार्यालयहरुको माग तथा सेवाग्राहीहरुको सहजतालाई मध्यनजर गर्दै पाँचवटै वडाहरुमा सम्वन्धित वडाहरुले नै उपयुक्त मिति तथा समय निर्धारण गरी टोल टोलमा गई सामाजिक सुरक्षा भत्ता नवीकरण शिविर संचालन गर्ने र शिविर संचालन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाको पञ्जिकरण शाखा, सूचना प्रविधि शाखाले वडा कार्यालयहरुलाई आवश्यक सहजीकरण गर्न निर्देशन दिने।

१.७. खरीद आदेश पुनः जारी गर्ने सम्वन्धमा,

आर्थिक वर्ष २०८२/०८३ को मिति २०८३/०३/१० को खरीद आदेश नं ११७ मेहता ट्रेडिङ सप्लायर्सको नाममा जारी भएको तर दाखिला गर्ने समयावधि भित्र सामग्री प्राप्त हुन नसकेको हुँदा गत आ.व २०८२/८३ को सोही खरिद आदेशलाई आधार मानी चालु आ.व. मा नयाँ खरीद आदेश जारी गरी भुक्तानी प्रक्रिया अगाडी बढाउने ।

मिति : २०८३/०४/१२, का.पा. बैठक संख्या: १-२०८३/८४

१.८. खर्च अनुमोदन सम्वन्धमा,

कञ्चन गाउँपालिकामा आ.व.२०८२/८३ मा संचालन भएका सङ्घीय सरकार, प्रदेश सरकार अन्तर्गतका कार्यक्रम, आयोजना र गाउँपालकाबाट विनियोजन भएको बजेट अन्तर्गतका सम्पूर्ण खर्च रकम तथा गाउँसभाबाट पारित शिर्षकबाट भएको खर्च तथा शिर्षक अन्तर्गतका सम्पूर्ण कार्यक्रमहरुको विस्तृत रुपमा छलफल गरियो । कञ्चन गाउँपालिकाले आ.व.२०८२/८३ मा संचालन गरेका सम्पूर्ण कार्यक्रम तथा शीर्षक अनुसारको खर्च प्रचलित सङ्घीय सरकार, प्रदेश सरकार तथा कञ्चन गाउँपालिकाबाट विभिन्न समयमा जारी भएका ऐन, नियम, कार्यविधि, मापदण्ड लगायत अन्य कानुनी व्यवस्था तथा सङ्घीय सरकार तथा प्रदेश सरकार अन्तर्गतका कार्यालयबाट समय समयमा जारी भएका परिपत्रको पालना गर्दै नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताका सम्पूर्ण सिद्धान्त पालना गरी खर्च गरेको पाइयो । तसर्थ तपसिलमा उल्लेखित शीर्षक अनुसार भएको आम्दानी तथा खर्च रकम गाउँकार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने

तपसिल

| आय शीर्षक | प्रस्तावित आय | वास्तविक आय | Income(%) | मौज्दात | व्यय शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|
| संघीय सरकार | ३७,१९,४४,०००.०० | ३२,२४,३४,३४२.२२ | ८६.६९ | ४,९५,०९,६५७.७८ | चालु | ३९,८७,४०,८२०.०० | ३३,४०,६३,१२०.६६ | ८३.७८ | ६,४६,७७,६९९.३४ |
| १३३११ समानिकरण अनुदान | ११,६७,००,०००.०० | १०,६७,२२,१५०.०० | ९१.४५ | ९९,७७,८५०.०० | २११११ पारिश्रमिक कर्मचारी | १९,३१,६१,०००.०० | १८,५५,५८,७९०.२२ | ९६.०६ | ७६,०२,२०९.७८ |
| १३३१२ शसर्त अनुदान चालु | २२,२०,४४,०००.०० | १९,८५,४०,९९२.२२ | ८९.४२ | २,३५,०३,००७.७८ | २११२१ पोशाक | २१,३०,०००.०० | १३,२८,०००.०० | ६२.३५ | ८,०२,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १,०९,००,०००.०० | ३५,४९,०००.०० | ३२.५६ | ७३,५१,०००.०० | २११३३ फिल्ड भत्ता | ५,००,०००.०० | ४,००,६००.०० | ८०.१२ | ९९,४००.०० |
| १३३१४ विषेश अनुदान चालु | १,१२,००,०००.०० | ४३,९०,०००.०० | ३९.२ | ६८,१०,०००.०० | २११३४ कर्मचारीको बैठक भत्ता | ८,००,०००.०० | ६,९८,७४९.०० | ८७.३४ | १,०१,२५१.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,११,००,०००.०० | ९२,३२,२००.०० | ८३.१७ | १८,६७,८००.०० | २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २,००,०००.०० | ० | ० | २,००,०००.०० |
| **प्रदेश सरकार** | २,२५,६६,०००.०० | १,८५,६८,५००.०० | ८२.२९ | ३९,९७,५००.०० | २११३९ अन्य भत्ता | १६,००,०००.०० | १३,९१,६०१.०० | ८६.९८ | २,०८,३९९.०० |

मिति : २०८३/०४/१२, का.पा बैठक संख्याः १-२०८३/८४

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३३११ समानिकरण अनुदान | ८०,६६,०००.०० | ८०,६६,०००.०० | १०० | ० | २११४१ पदाधिकारी बैठक भत्ता | २३,५०,०००.०० | १७,६८,३८७.०० | ७५.२५ | ५,८१,६१३.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ७०,००,०००.०० | ३५,९४,०००.०० | ५१.३४ | ३४,०६,०००.०० | २११४२ पदाधिकारीअन्य सुविधा | ६५,००,०००.०० | ५७,३९,५००.०० | ८८.३ | ७,६०,५००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ७५,००,०००.०० | ६९,०८,५००.०० | ९२.११ | ५,९१,५००.०० | २१२१४ कर्मचारी कल्याण कोष | ५,००,०००.०० | ० | ० | ५,००,०००.०० |
| राजस्व बाडफाड | १०,७९,३५,६५०.०० | १०,८५,०७,१८१.०२ | १००.५३ | (५,७१,५३१.०२) | २२१११ पानी तथा बिजुली | २०,००,०००.०० | १३,११,९७७.०० | ६५.५९ | ६,८८,०२३.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७,४५,७३,१९९.०० | ६,५९,८९,०२१.१६ | ८८.४९ | ८५,८४,१७७.८४ | २२११२ संचार महसुल | १०,००,०००.०० | ९,९८,१७०.०० | ९९.८२ | १,८३०.०० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | २,४५,२८,४५१.०० | २,९६,१२,१२३.२१ | १२०.७३ | (५०,८३,६७२.२१) | २२२११ इन्धन (पदाधिकारी) | १०,००,०००.०० | ९,७०,०७४.०० | ९७.०१ | २९,९२६.०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ८८,३४,०००.०० | ९४,३३,६२५.६५ | १०६.७९ | (५,९९,६२५.६५) | २२२१२ इन्धन (कार्यालय प्रयोजन) | १०,००,०००.०० | ९,९९,०५३.०० | ९९.९१ | ९४७. |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ० | ३४,७२,४११.०० | ३४७२४११०० | (३४,७२,४११.००) | २२२१३ सवारी साधन मर्मत खर्च | २०,००,०००.०० | १६,३३,५२३.०० | ८१.६८ | ३,६६,४७७.०० |
| अन्तरिक श्रोत | ८,७५,७३,०९१.०० | ८,५८,५५,८५५.५५ | ९८.०४ | १७,१७,२३५.४५ | २२२१४ बिमा तथा नवीकरण खर्च | ८,०३,२५०.०० | ३,९२,७५२.०० | ४८.९ | ४,१०,४९८.०० |
| ११३१३ सम्पती कर | १२,१०,०००.०० | १५,२९,०००.०० | १२६.३६ | (३,१९,०००.००) | २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १०,००,०००.०० | ९,९९,७५८.०० | ९९.९८ | २४२. |
| ११३१४ भुमिकर/मालपोत | ९७,५०,०००.०० | ३३,६१,४५५.०० | ३४.४७ | ६३,८८,५४५.०० | २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ६२,८०,०००.०० | ४०,५९,२०७.०० | ६४.६४ | २२,२०,७९३.०० |
| ११३१७ वहाल कर | ११,००,०००.०० | १८,८४,२७२.२८ | १७१.३ | (७,८४,२७२.२८) | २२३१३ पुस्तक तथा सामग्री खर्च | ३१,००,०००.०० | १२,६२,१५५.०० | ४०.७१ | १८,३७,८४५.०० |
| ११३१८ वहाल विटौरी कर | ४९,५०,०००.०० | ५९,०००.०० | १.१९ | ४८,९१,०००.०० | २२३१४ इन्धन - अन्य प्रयोजन | २,००,०००.०० | १२,८२०.०० | ६.४१ | १,८७,१८०.०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | ५,५००.०० | ४२,०००.०० | ७६३.६४ | -३६,५००.०० | २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३०,००,०००.०० | १८,५२,३१८.०० | ६१.७४ | ११,४७,६८२.०० |

माधव प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत

नवराज ढकाल
गा. पा. अध्यक्ष

निर्णय प्रमाणित

मिति : २०८३/०४/१२, का.पा बैठक संख्याः १-२०८३/८४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११४७९ अन्य मनोरञ्जन कर | १,२१,०००.०० | ४५,०००.०० | ३७.१९ | ७६,०००.०० | २२४११ सेवा र परामर्श खर्च | २१,००,०००.०० | ९९,५००.०० | ४.७४ | २०,००,५००.०० |
| ११६९१ अन्य कर | २७,३५,६२०.०० | ३,४०,२६९.८० | १२.४४ | २३,९५,३५०.२० | २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २०,००,०००.०० | १२,०८,०००.०० | ६०.४ | ७,९२,०००.०० |
| १४२१८ विद्युत सेवा शुल्क | २,२००.०० | ० | ० | २,२००.०० | २२४१३ करार सेवा शुल्क | १,९१,५०,०००.०० | १,८१,७८,३८४.४४ | ९४.९३ | ९,७१,६१५.५६ |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | १,१०,०००.०० | ५१,३००.०० | ४६.६४ | ५८,७००.०० | २२४१४ सरसफाईसेवा शुल्क | २,००,०००.०० | ० | ० | २,००,०००.०० |
| १४२२५ यातायात क्षेत्रको आम्दानी | १,६५०.०० | ० | ० | १,६५०.०० | २२४१९ अन्य सेवा शुल्क | ५,००,०००.०० | ० | ० | ५,००,०००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ४४,०००.०० | ३,०९,७१०.०० | ७०३.८९ | (२,६५,७१०.००) | २२५११ कर्मचारी तालिम खर्च | ४,०४,०००.०० | २,३४,०००.०० | ५७.९२ | १,७०,०००.०० |
| १४२४२ नक्सापास दस्तुर | २७,५००.०० | १,२१,४९३.६८ | ४४१.८ | -९३,९९३.६८ | २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ८८,८७,१७०.०० | ७०,५७,५७९.०० | ७९.४१ | १८,२९,५९१.०० |
| १४२४३ सिफारिश दस्तुर | ७१,५०,०००.०० | ८०,१०,६१९.०७ | ११२.०४ | (८,६०,६१९.०७) | २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ४,४६,५४,०००.०० | ३,२९,४४,८७९.०० | ७३.७८ | १,१७,०९,१२१.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ८,८०,०००.०० | ५,७२,१००.०० | ६५.०१ | ३,०७,९००.०० | २२५२२ कार्यक्रम खर्च | १६,४०,०००.०० | ११,२०,६३०.०० | ६८.३३ | ५,१९,३७०.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | १६,५०,०००.०० | ८,९४,५००.०० | ५४.२१ | ७,५५,५००.०० | २२५२९ विविध कार्यक्रम खर्च | १६,७०,०००.०० | १५,०१,१३०.०० | ८९.८९ | १,६८,८७०.०० |
| १४२४९ अन्य दस्तुर | २७,५०,०००.०० | ७५,३८०.०० | २.७४ | २६,७४,६२०.०० | २२६११ अनुगमन, मूल्यांकन खर्च | १३,००,०००.०० | २,४३,०००.०० | १८.६९ | १०,५७,०००.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ७२,६००.०० | १,८९,८७५.०० | २६१.५४ | (१,१७,२७५.००) | २२६१२ भ्रमण खर्च | १५,९०,०००.०० | १५,६१,२९५.०० | ९८.१९ | २८,७०५.०० |
| १४२६२ विद्युत सम्बन्धी दस्तुर | ५५०. | ० | ० | ५५०. | २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २,००,०००.०० | ७०,९००.०० | ३५.४५ | १,२९,१००.०० |
| १४२६५ अन्य क्षेत्रको आय | १,६५,०००.०० | ८७,०३,४९६.२० | ५२७४.८५ | (८५,३८,४९६.२०) | २२६१९ अन्य भ्रमण खर्च | १,५०,०००.०० | १,५०,०००.०० | १०० | ० |

निर्णय प्रमाणित

मिति : २०८३/०४/१२ का.पा बैठक संख्याः १-२०८३/८४

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ३,३०,०००.०० | १०,०००.०० | ३.०३ | ३,२०,०००.०० | २२७११ विविध खर्च | ३८,५०,०००.०० | ३१,९०,१७९.०० | ८२.८६ | ६,५९,८२१.०० |
| १४५२९ अन्य राजस्व | ७,४५,१७०.०० | ८,१८,४३५.१६ | १०९.८३ | -७३,२६५.१६ | २२७२१ सभा सञ्चालन खर्च | १०,००,०००.०० | ८,०२,८९०.०० | ८०.२९ | १,९७,११०.०० |
| १४६११ व्यवसाय कर | १७,६०,०००.०० | ११,७५,३३१.०० | ६६.७८ | ५,८४,६६९.०० | २५११२ गैर वित्तीय संस्थानहरूलाई पूँजीगत सहायता | २,००,०००.०० | ० | ० | २,००,०००.०० |
| ३२१२२ बैंक मौज्दात | ५,२०,१२,३०१.०० | ५,७६,६२,६१८.३६ | ११०.८६ | (५६,५०,३१७.३६) | २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ५,०५,३१,०००.०० | ३,१३,९२,८४२.०० | ६२.१३ | १,९१,३८,१५८.०० |
| जम्मा | ५९,००,१८,७४१.०० | ५३,५३,६५,८७८.७९ | ९०.७३ | ५,४६,५२,८६२.२१ | २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | ६३,६०,४००.०० | ४३,२०,०५९.०० | ६७.९२ | २०,४०,३४१.०० |
| | | | | | २५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता | १४,२०,०००.०० | १३,०५,०००.०० | ९१.९ | १,१५,०००.०० |
| | | | | | २५३१५ अन्य सस्था सहायता | ० | ० | ० | ० |
| | | | | | २७१११ सामाजिक सुरक्षा | १३,९७,०००.०० | १२,८१,८००.०० | ९१.७५ | १,१५,२००.०० |
| | | | | | २७११२ अन्य सामाजिक सुरक्षा | ३१,३४,०००.०० | २६,७९,३४८.०० | ८५.४९ | ४,५४,६५२.०० |
| | | | | | २७२११ छात्रवृत्ति | ३३,२८,०००.०० | १२,८८,००५.०० | ३८.७ | २०,३९,९९५.०० |
| | | | | | २७२१२ उद्दार, राहत तथा पुनर्स्थपना खर्च | ९०,६४,०००.०० | ७६,३०,४१६.०० | ८४.१८ | १४,३३,५८४.०० |
| | | | | | २७२१३ औषधीखरिद खर्च | ३८,८७,०००.०० | ३७,०९,४५०.०० | ९५.४३ | १,७७,५५०.०० |
| | | | | | २८१४२ घरभाडा | ५,००,०००.०० | ४,३४,४००.०० | ८६.८८ | ६५,६००.०० |
| | | | | | २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ५,००,०००.०० | २,८२,०००.०० | ५६.४ | २,१८,०००.०० |
| | | | | | २८९११ भैपरी आउने चालु खर्च | ० | ० | ० | ० |
| | | | | | पूंजीगत | १९,१२,७७,९२१.०० | १४,५३,०९,०५५.०० | ७५.९७ | ४,५९,६८,८६६.०० |

मिति : २०८३/०४/१२, का.पा बैठक संख्या: १-२०८३/८४

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ३११११ आवासीय भवन निर्माण/खरिद | ५,००,०००.०० | २,३९,५६०.०० | ४७.९१ | २,६०,४४०.०० |
| | | | | | ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | १,७७,५०,०००.०० | १,३३,५०,५६५.०० | ७५.२ | ४३,९९,४३५.०० |
| | | | | | ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,८९,७०,०००.०० | १,२६,३१,९५०.०० | ६६.५९ | ६३,३८,०५०.०० |
| | | | | | ३११२१ सवारी साधन | ३,३०,०००.०० | २,९४,४००.०० | ८९.२१ | ३५,६००.०० |
| | | | | | ३११२२ मेशिनरी तथा औजार | ६१,२५,६२०.०० | ४६,९६,८७१.०० | ७६.६८ | १४,२८,७४९.०० |
| | | | | | ३११२३ फर्निचर तथा फिक्चर्स | १०,००,०००.०० | २,२२,६८७.०० | २२.२७ | ७,७७,३१३.०० |
| | | | | | ३११३१ पशुधन तथा बागवानी विकास खर्च | २,००,०००.०० | ० | ० | २,००,०००.०० |
| | | | | | ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्रासि खर्च | १०,००,०००.०० | ७,०८,६००.०० | ७०.८६ | २,९१,४००.०० |
| | | | | | ३११५१ सडक तथा पूल निर्माण | ११,११,६२,३०१.०० | ९,१८,६६,३१७.०० | ८२.६४ | १,९२,९५,९८४.०० |
| | | | | | ३११५३ विद्युत संरचना निर्माण | ६,००,०००.०० | ४,९९,०००.०० | ८३.१७ | १,०१,०००.०० |
| | | | | | ३११५५ सिंचाई संरचना निर्माण | ७६,४०,०००.०० | २७,५९,६००.०० | ३६.११ | ४८,८०,४००.०० |
| | | | | | ३११५६ खानेपानी संरचना निर्माण | २६,७०,०००.०० | २२,०३,२०५.०० | ८२.५२ | ४,६६,७९५.०० |
| | | | | | ३११५८ सरसफाई संरचना निर्माण | १५,५०,०००.०० | ९,८६,०००.०० | ६३.६१ | ५,६४,०००.०० |
| | | | | | ३११५९ अन्य सार्वजनिक निर्माण | १,००,०००.०० | १,००,०००.०० | १०० | ० |
| | | | | | ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ११,५०,०००.०० | ६,४७,०००.०० | ५६.२६ | ५,०३,०००.०० |
| | | | | | ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | १,९५,३०,०००.०० | १,३८,०६,६००.०० | ७०.६९ | ५७,२३,४००.०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | १०,००,०००.०० | २,९६,७००.०० | २९.६७ | ७,०३,३००.०० |
| | | | | | वित्तीय | ० | ० | ० | ० |
| | | | | | ३३२४२ वैदेशिक ऋण सांवा भुक्तान | ० | ० | ० | ० |
| • | | | | | जम्मा | ५९,००,१८,७४१.०० | ४७,९३,७२,१७५.६६ | ८१.२४ | ११,०६,४६,५६५.३४ |

निर्णय प्रमाणित
०८३/५/१२

माधव प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत

नवराज ढकाल
गा. पा. अध्यक्ष

कञ्चन गाउँपालिका

मिति : २०८३/०४/१२, का.पा बैठक संख्या: १-२०८३/८४

निर्णय प्रमाणित (३) ८ ०८३/४/१२

१.९. विविध,

**१.९.१ रकम भुक्तानी सम्बन्धमा,**

क. रूपन्देही जिल्ला अदालत सिद्धार्थनगर, रुपन्देहीबाट कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देहीको नाउमा जारी भएको २१ दिने म्याद सूचनाको पत्रानुसार यस कार्यालयको नाउँमा मिति २०८३/०३/०८ मा अस्मिता तरामुले फैसला बदर समेत मुद्दाको फिरादपत्र यस अदालतमा दिएको हुनाले सो फिरादपत्रको प्रतिलिपि समेत यसैसाथ राखी यो म्याद सूचना प्राप्त भएको मितिले बाटोको म्याद बाहेक २१ (एक्काइस) दिन भित्र आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत प्रतिउत्तर लिई उपस्थित हुनु भनी जानकारी प्राप्त भएकोमा यस कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तथा कञ्चन गाउँपालिका वडा नं. २ को कार्यालयको तर्फबाट प्रतिनिधिको रुपमा उक्त रिट बमोजिमको तपसिलमा उल्लेखित कार्यहरु गर्ने गरी श्री हेम प्रसाद निरौला, तिलोत्तमा नगरपालिका-२, रूपन्देहीलाई अख्तियारी दिइएको बेहोरा प्रमुख प्रशासकीय अधिकृतबाट बैठकमा जानकारी भयो । उक्त मुद्दामा उपस्थित भई गाउँपालिका तथा वडाको तर्फबाट आवश्यक कानूनी परामर्श तथा प्रतिउत्तर उपलब्ध गराए वापत निज श्री हेम प्रसाद निरौलालाई रू. २००००/- रकम उपलब्ध गराउने ।

ख. कञ्चन गाउँपालिका रूद्रपुर स्वास्थ्य चौकी अन्तर्गत सञ्चालित एम्बुलेन्सको गत आ.व. २०८२/८३ मा भएको डेकोरेसन तथा मर्मत खर्च वापतको बिल बमोजिमको रकम भुक्तानी गर्ने।

<u>अन्त्यमा,</u> गाउँपालिका अध्यक्ष श्री नवराज ढकालबाट प्रथम कार्यपालिकाको बैठकमा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै आजको कार्यपालिका बैठक सम्पन्न भएको घोषणा गर्नु भयो ।

माधव प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

नवराज ढकाल
गा. पा. अध्यक्ष